# शिवनाथ गाउँपालिका

## शिवनाथ, बैतडी

सुदूरपश्चिम प्रदेशनेपाल ,

# शिवनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को

# बार्षिक प्रगति प्रतिवेदन

## २०८३ असार ३०

## खण्ड- (१)


### १. स्थानीय तहको संक्षिप्त परिचयः-

देशमा परिवर्तित राजनैतिक परिस्थिति पछि नेपालको संविधान (२०७२) ले देशलाई संघियतामा परिणत गर्यो जसमा तिन तहको सरकार संघ,प्रदेश र स्थानिय तह रहने व्यवस्था भैसकेपछि देशभरमा ७५३ स्थानीय तहहरूको स्थापना भयो जसमध्ये शिवनाथ गाउँपालिका पनि एक हो । नेपालको संघिय राजधानीबाट करिव ८५० कि.मि.को दुरीमा रहेको यो पालिका सुदूरपश्चिम प्रदेशको बैतडी जिल्लाको पूर्व दक्षिण भागमा अवस्थित रहेको छ। साविकका उदयदेव, शर्माली, महाकाली, शिवनाथ र कुलाउ गरी पाँच वटा गा.वि.स.हरुलाई मिलाएर बनेको यो पालिकाको नाम प्रशिद्ध धार्मिक शिवनाथ देवताको नामबाट गरिएको छ।पूर्वमा डडेल्धुरा जिल्लाको भागेश्वर गाउँपालिका,पश्चिममा पन्चेश्वर गाउँपालिका,उत्तरमा मेलौली नगरपालिका र दक्षिणमा छिमेकी राष्ट्र भारतको चम्पावत जिल्लाको केही भु-भागको बिचमा शिवनाथ गउँपालिका रहेको छ ।

नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरीसके पछि वि.स. २०७३ साल फागुन २७ गते यस पालिकाको स्थापना भएको हो । भौगोलिक अवस्थिती अनुसार कुल ८१.६५ वर्ग.कि.मि.क्षेत्रफलमा फैलिएको पालिकाको समुद्री सतहदेखि उचाई १९०८ मिटर रहेको छ । कुल ६ वटा वडाहरुमा विभाजित यस पालिकाको राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार जम्मा जनसंख्या १८,०६४ रहेको छ। जसमा पुरुष जनसंख्या ८४८९ जना र महिला जनसंख्या ९७५७ जना छन भने परिवारको औसत आकार ५.२६ जनघनत्व २२१ रहेको छ। जम्मा ३४३४ परिवार संख्या रहेकोमा साक्षरता दर (पुरुष ८७.८% र महिला ६६.१%) गरी जम्मा ७५.९ % रहेको छ । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभाजन गरेको पालिकाहरुको वर्गिकरणको आधारमा यस पालिकालाई “क” वर्ग राखिएको छ ।

विभिन्न जात जाती तथा समुदायका मानिसहरुको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाड पर्व मनाउने गरिन्छ ।जस्तैः दशैं, तिहार, माघे संक्रान्ति, होली, गौरा, औल्के संक्रान्ति , कृष्ण जन्माष्टमि, बिशु पर्व लगायतका यहाँका प्रमुख चाड पर्वको रुपमा रहेका छन ।

२. शिवनाथ गाउँपालिकाको सबै वडा छुटिने गरीको नक्साः-




शिवनाथ गाउँपालिका पदाधिकारीहरुको विवरणः-

| क्र.स. | नाम, थर | पद | स्थानीय तह | वडा नं. | सम्पर्क मो.नं. |
|---|---|---|---|---|---|
| १ | कर्ण सिह साउद | गा.पा. अध्यक्ष | शिवनाथ | २ | ९८५११९६२२६ |
| २ | सकुन्तला साउद | गा.पा. उपाध्यक्ष | शिवनाथ | ५ | ९८४९८२१०२२ |
| ३ | बलदेव सिंह चाड | वडा अध्यक्ष | शिवनाथ | १ | ९७४२४६५२५३ |
| ४ | सुरेन्द्र सिंह साउद | वडा अध्यक्ष | शिवनाथ | २ | ९८४८९०३३९८ |
| ५ | केशव दत्त कलौनी | वडा अध्यक्ष | शिवनाथ | 3 | ९८४१०९१७९६ |
| ६ | धन बहादूर महता | वडा अध्यक्ष | शिवनाथ | ४ | ९८६८७९८०५३ |
| ७ | केशव चन्द | वडा अध्यक्ष | शिवनाथ | ५ | ९८४८९०४१९१ |
| ८ | भरत राम पार्की | वडा अध्यक्ष | शिवनाथ | ६ | ९८६५९४१२४० |
| ९ | धनमति साउद | कार्यपालिका सदस्य | शिवनाथ | १ | ९८४७५६०९२६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | बिमला पार्की | कार्यपालिका सदस्य | शिवनाथ | ३ | ९८६५९४४०१३ |
| ११ | संगिता औजी | कार्यपालिका सदस्य | शिवनाथ | ४ | ९८०९४५०३४२ |
| १२ | लछिमा कुमारी साउद | कार्यपालिका सदस्य | शिवनाथ | ५ | ९७४९८०४१५३ |
| १३ | प्रताप राम तिर्वा | कार्यपालिका सदस्य | शिवनाथ | २ | ९८६८७०११०४ |
| १४ | राजेन्द्र राम दयाल | कार्यपालिका सदस्य | शिवनाथ | ६ | ९८६४६०९४६६ |
| १५ | गंगा दमाई | दलित महिला सदस्य | शिवनाथ | १ | ९८४७५९७४८१ |
| १६ | मान सिह साउद | वडा सदस्य | शिवनाथ | १ | ९८४२२००१६१ |
| १७ | देविन्द्र सिह साउद | वडा सदस्य | शिवनाथ | १ | ९८६४३११९२० |
| १८ | केशव साउद | वडा सदस्य | शिवनाथ | २ | ९८६५८४७९१२ |
| १९ | गोदावरी तिर्वा | दलित महिला सदस्य | शिवनाथ | २ | ९८४९९२८७०८ |
| २० | कमलराम सार्की | वडा सदस्य | शिवनाथ | 2 | ९८४२२००१८५ |
| २१ | मञ्जु साउद | महिला सदस्य | शिवनाथ | २ | ९७६५५३५४६९ |
| २२ | सुरमा साउद | महिला वडा सदस्य | शिवनाथ | ३ | ९८६८५३९७५५ |
| २३ | किसन सिह साउद | वडा सदस्य | शिवनाथ | ३ | ९८६८८७७६०२ |
| २४ | लक्ष्मन सिह साउद | वडा सदस्य | शिवनाथ | ३ | ९८६८७८६५२४ |
| २५ | सुनिता ठकुराठी | महिला सदस्य | शिवनाथ | ४ | ९८६६१०९९४० |
| २६ | श्याम सिह महता | वडा सदस्य | शिवनाथ | ४ | ९८६५६५४१०१ |
| २७ | नन्दी सिह विष्ट | वडा सदस्य | शिवनाथ | ४ | ९७६२८४०१७४ |
| २८ | भागा वि.क. | दलित महिला वडा सदस्य | शिवनाथ | ५ | ९८४७५९७५७१ |
| २९ | पदम सिह धनाडी | वडा सदस्य | शिवनाथ | ५ | ९८६८४९१७७४ |
| ३० | धन बहादूर चन्द | वडा सदस्य | शिवनाथ | ५ | ९८४०१०५३१४ |
| ३१ | हरु देवी धनाडी | महिला वडा सदस्य | शिवनाथ | ६ | ९८६८८१०६५० |
| ३२ | चन्द्र राना | दलित महिला सदस्य | शिवनाथ | ६ | ९८६३०९१५७३ |
| ३३ | धिराज बहादूर चन्द | वडा सदस्य | शिवनाथ | ६ | ९८६९७१२३३३ |
| ३४ | कालु चन्द | वडा सदस्य | शिवनाथ | ६ | ९८६५८१६५३२ |

शिवनाथ गाउँपालिकाका बिषय शाखा प्रमुखको विवरणः-

| क्र.स | नाम/थर | पद | कार्यालय/शाखा | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | एकराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | शिवनाथ गाउँपालिका | ९८४२८४८७८४ |
| २ | नरेन्द्र सिंह महता | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य शाखा | ९८५८७८२९६४ |
| ३ | दिनेश साउद | शिक्षा अधिकृत | शिक्षाा शाखा | ९८४१०९१५८८ |
| ४ | महेश सिंह महता | सूचना प्रविधि अधिकृत | सूचना प्रविधि शाखा | ९८४८७६९६७९ |
| ५ | विरेन्द्र सिह साउद | रोजगार संयोजक | रोजगार सेवा केन्द्र | ९८४८७८२३२४ |
| ६ | हर्षराज भट्ट | जलस्रोत अधिकृत | वास ईकाइ | ९८६४९२५०६४ |
| ७ | ज्योति नायक | कृषि अधिकृत | कृषि शाखा | ९८६८७४७१४५ |
| ८ | देवराज सापकोटा | लेखा अधिकृत | आ.प्र.शाखा | ९८४८९९५९१९ |
| ९ | कोमल विक्रम सिंह | अधिकृत छैटौं | जि.सि./प्रशासन | ९८६५९१७७३० |
| १० | बिष्णु प्रसाद भट्ट | अधिकृत छैटौं | आ.ले.प. शाखा | ९८६८८०७६१२ |
| ११ | सुनिल चन्द | ईन्जिनियर | भौतिक विकास शाखा | ९८४०८४०४१२ |
| १२ | आशिष राना | नेत्र सहायक | आँखा सेवा केन्द्र | ९७४६५४९२१२ |
| १३ | चिरन सिह साउद | सहायक चौथो | पञ्जिकरण शाखा | ९८४८७९१७२४ |
| १४ | प्रकाश सिंह साउद | सहायक चौथो | पशु शा.प्र. | ९८४८७३५३९९ |
| १५ | दिपा धामी | पोषण सहजकर्ता | शिवनाथ | ९८६५८५६३४२ |

# खण्ड — (२)

# २०८२/०८३ को शाखागत प्रगतिको संक्षिप्त विवरण

<u>आर्थिक प्रशासन तर्फः-</u>

| क्र.स. | विवरण | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत | औशत खर्च |
|---|---|---|---|---|---|
| १ | चालू | २९८४५६०००/- | २५२७३८६६२.७९/- | ८४.६८ | |
| २ | पुँजिगत | ९०२२६४४५/- | ५९२८५०१२/- | ६५.७ | |
| | **कुल जम्मा** | **३८८६८२४४५/-** | **३१२०२३६७४.७९/-** | **८०.२७** | |

## राजश्व शाखा तर्फः-

## राजस्व शीर्षक अनुसार राजस्व संकलन

1

| FY : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/२९ | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **Revenue code** | **Revenue heading** | **Amount** | **Remarks** |
| १ | ११३१३ | सम्पती कर | १,३५,५६४.४६ | |
| २ | ११३१४ | भुमिकर/मालपोत | १,४७,६१५.३८ | |
| ३ | ११३१७ | वहाल कर | २,०९,४८५.१५ | |
| ४ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १४,०४८.०० | |
| ५ | ११६९१ | अन्य कर | ३०,०३८.०० | |
| ६ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ११,६५,७५१.०० | |
| ७ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ९,१४६.०४ | |
| ८ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | १६,०००.०० | |
| ९ | १४२२४ | परीक्षा शुल्क | २३,०००.०० | |
| १० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १,१६,७७०.०० | |
| ११ | १४२४३ | सिफारिश दस्तुर | ६,९७,९२०.०० | |
| १२ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३,०३,१५०.०० | |
| १३ | १४२४५ | नाता प्रमाणित दस्तुर | ८१,८००.०० | |
| १४ | १४२४९ | अन्य दस्तुर | २,६२,७०४.३३ | |
| १५ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २,३९,०५०.०० | |

| | | | | |
|---|---|---|---|---|
| १६ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | २००.०० | |
| १७ | १४२६५ | अन्य क्षेत्रको आय | २,५८,०५५.४० | |
| १८ | १४५२९ | अन्य राजस्व | २,०७,८२३.०० | |
| १९ | १४६११ | व्यवसाय कर | ९००.०० | |
| २० | १५१११ | बेरूजू | १४,३९,४९२.०० | |
| २१ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | ५,३९,८००.०० | |
| total | | | ५८,९८,३१२.७६ | |

## पालिका र वडागत राजश्व संकलनः-

| आ.व. FY : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/२९ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | Code | Revenue Collection Office | Collection | Remarks |
| १ | ८०७७४५०४ | शिवनाथ गाउँपालिका, बैतडी | ४६,८४,९९२.५५ | |
| २ | ८०७७४५०४३०१ | शिवनाथ गाउँपालिका,१ नं. वडा कार्यालय, बैतडी | १,९३,१९८.०० | |
| ३ | ८०७७४५०४३०२ | शिवनाथ गाउँपालिका,२ नं. वडा कार्यालय, बैतडी | ५,११,७२३.८० | |
| ४ | ८०७७४५०४३०३ | शिवनाथ गाउँपालिका,३ नं. वडा कार्यालय, बैतडी | ८८,७१०.२४ | |
| ५ | ८०७७४५०४३०४ | शिवनाथ गाउँपालिका,४ नं. वडा कार्यालय, बैतडी | १,९९,७९३.४८ | |
| ६ | ८०७७४५०४३०५ | शिवनाथ गाउँपालिका,५ नं. वडा कार्यालय, बैतडी | १,३३,०६५.०४ | |
| ७ | ८०७७४५०४३०६ | शिवनाथ गाउँपालिका,६ नं. वडा कार्यालय, बैतडी | ८६,८२९.६५ | |
| total | | | ५८,९८,३१२.७६ | |

**भौतिक पूर्वाधार विकास तर्फ**

क) खानेपानि र सिँचाई तर्फ कुल ६१ योजनाहरुका लागि रु. १,०३,६५,०००।- बिनियोजन भएकोमा ५५ वटा सम्पन्न गरिएका छन।

ख) स्वास्थ्य/शिक्षा तथा खेलकुद तर्फ कुल ३० वटा योजनाहरुका लगि रु. ९९,२०,०००।- बिनियोजन भएकोमा सबै सम्पन्न भएको । साथै शशर्त अनुदान तर्फको नागार्जुन मा.वि.४ कोठे भवन निर्माण कार्य समेत सम्झौता बमोजिमको काम सम्पन्न गरिएको छ ।

ग) धार्मिक सँस्कृतिक तथा पर्यटन तर्फ कुल १० वटा योजनाहरुका लागि रु. ४८,५५,०००.०० बिनियोजन भएकोमा सबै सम्पन्न भएका छन।

घ) तटबन्ध, पहिरो नियन्त्रण तथा बाटो घाटो लगाएत अन्य पुर्बधार निर्माण तर्फ कुल ३४ वटा योजनाहरुका लागि रु. ३८,१५,०००।— विनियोजन भएकोमा २७ वटा योजनाहरु सम्पन्न भईसकेका छन ।

ङ) स्वास्थ्य चौकी तथा अन्य भवन निर्माणका लागि कुल ९ वटा योजनाहरुका लागि रु. २२,७०,०००।— विनियोजन भएकोमा सबै योजनाहरु सम्पन्न भएका छन ।

च) गाउँपालिका अन्तर्गतका ६ नं. वडा स्थित हिरापुर स्वास्थ्य चौकी निर्माण,५ नं. वडा कार्यालय भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ ।

छ) सडक तर्फ गाउँपालिकाको आन्तरिक स्रोतबाट कुल ९ वटा योजनाहरुका लागि रू. ४८,००,००० बिनियोजन भएकोमा ४ वटा योजना हरु सम्पन्न भएका छन ।

ज) अन्य स्रोत शंघ प्रदेश सम्पुरक, संघ प्रदेश ससर्त विशेष अनुदान, प्रदेश सरकारको वित्तिय हस्तान्तरण सडक बोर्ड लगायतका कार्यक्रमका लागि कुल ७ वटा योजनाहरुका लागि रू.२,२६,५१,०००।- बजेट प्राप्त भएकोमा ४ वटा ठेक्का र ३ वटा उपभोक्ता प्रकृया मार्फत कार्यान्वयन भई ५ वटा योजनाहरुको निर्माण सम्पन्न भएका छन ।

झ) गाउँपालिकाको १० सैया आधारभुत अस्पतालको निर्माण कार्य ८०% सम्पन्न भई सकेको र आगामि आ.व.को मंसिरमसान्त भित्रै काम सम्पन्न हुने गरी निर्माण कार्य अगाडी बढाईएको छ ।

ञ) सार्वजनिक स्थानमा सार्वजनिक सौचालय निर्माण गर्ने कार्यक्रम बमोजिम विभिन्न मन्दिरहरु तथा सार्वजनिक स्थानहरुमा सार्वजनिक सौचालय निर्माण गरिएको र खानेपानि र सरसफाई तर्फ ३४ वटा खानेपानि योजनाहरु निर्माण तथा मर्मत गरी कुल ८१ घर धुरीमा खानेपानि पहुँच पुगेको अनुमान रहेको छ ।

ट) मुख्य गरी गाउँपालिकाका सम्पुर्ण वस्ति हरुमा सडक सञ्जाल जोड्ने उद्देश्यले दन्नी देहीगडा सडक, सकरा सडक, स्वाल करिडोर सडक, कुलाकोट सडक, चडेखान विनपते सडक, खाल खैरेनीघाट सडक, जोलापानी बुद्यागडा सडक,दुबला करिडोर, भल्या स्वास्थ्य केन्द्र सडक लगाएतकाहरुका लागि ट्र्याक खोल्ने कार्य शुरु भई थप नयाँ ११.१० कि.मि.सडक निर्माण गरेको तथा गाउँपालिकाको मुख्य रणनैतिक सडक दन्नीदेहिगडा सडक निर्माण यसै आ.व. बाट र सुल्लेखान शर्मालि नागार्जुन घाट सडक निर्माण कार्यका लागि विगत ६ वर्ष देखि प्राप्त संघ सम्पुरक कार्यक्रम मार्फत ठेक्का प्रकृया मार्फत स्तरोन्नती गरिएको छ ।

**<u>शिक्षा तथा युवा, खेलकुद तर्फः-</u>**

**शशर्त चालुः कुल बजेटः १२,७३,००,०००/- खर्चः ११,०२,९८,१३१.७१/- प्रतिशतः ८६.६४%**

**गाउँपालिकाः कुल बजेटः ३,१६,६६,०००/- खर्चः ३,००,३४,४६४.३३/- प्रतिशतः ९५%**

१. आधारभूत तह अन्तर्गत शैक्षिक सत्र २०८२ सालको कक्षा ८ को परीक्षा सञ्चालन,व्यवस्थापन प्रयोगशाला तथा ग्रेडबृद्धि परीक्षा सञ्चालन गरी नतिजा प्रमाणीकरण गरेको छ।

२. विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत इ-लाइब्रेरी र विज्ञान प्रयोगशाला अनुदान श्री युवाबर्ष माध्यमिक विद्यालय,बस्कोटीमा स्थापना गरिएको छ ।

३. आधारभूत र माध्यमिक तहमा शुन्य दरबन्दी भएका वा एकमात्र दरबन्दी भएका विद्यालयहरुलाई गणित,विज्ञान र अङ्ग्रेजी बिषयमा दरबन्दी वितरण गरिएको छ।

४. गाउँपालिका स्थित कक्षा १ देखि ३ मा पठनपाठन गर्ने शिक्षकहरुका लागि एकीकृत पाठ्यक्रम सम्बन्धी ३ दिने कस्टमाइज्ड तालिम सम्पन्न गरिएको छ।

५. शिवनाथ गाउँपालिका भरी लेटर ग्रेडिङ पद्धति तथा विद्यार्थी कार्यसञ्चिका *(Portfolio)* राख्ने कार्य सम्पन्न गरिएको छ।

६. स्थायी शिक्षकहरुको शैक्षिक सत्र २०८२ सालको कार्यसम्पादन मूल्यांकन संकलन र दर्ता गरिएको छ।

७. शिक्षकहरुको बिरामी बिदा अभिलेख प्रमाणीकरण तथा सम्प्रेषण भएको छ।

८. विद्यालय संख्याः माध्यमिक तह १ वटा र निम्न माध्यमिक तह २ वटामा थप कक्षा सञ्चालन अनुमति दिईएको छ।

९. गाउँपालिकाका स्तरीय पाँचौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता,२०८२ श्री शिवनाथ गा.पा.,सुल्लेखानमा सम्पन्न भएको छ ।

१०. कार्य अवधि समाप्त भएका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिहरुको नयाँ विद्यालय व्यवस्थापन समितिहरु गठनमा शिक्षा शाखाबाट प्रत्यक्ष सहजीकरण भएको छ ।

११. सबै वालवालिकाहरुलाई समयमै पाठ्यपुस्तक,छात्रबृत्ती लगायत अन्य कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम शशर्त रकम अनुदान निकासा भईसकेको छ।

१२. बार्षिक एकमुष्ठ अनुदानबाट सञ्चालित हुने विद्यालयहरु ६ वटै सित सम्झौता गरी रकम निकासा गरिएको छ।

१३. सबै विद्यालयहरुलाई *EMIS* अपडेट गरिएको छ।

१४. विद्यालयहरुलाई शिक्षा शाखाको तर्फबाट बार्षिक शैक्षिक क्यालेण्डर वितरण गरिएको छ।

१५. शिक्षक डायरी छपाइ विद्यालयहरुलाई बितरण गरिएको छ।

१६. आधारभूत र माध्यमिक तहका आईटी फोकल शिक्षकहरुलाई ५ दिने क्षमता विकास तालिम सञ्चालन गरी सम्पन्न गरिएको छ

१७. शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट छनोट भएका १८० जना विद्यार्थीहरुलाई विपन्न लक्षित (PMT) छात्रवृत्ती बैंक खातामा रकम निकासा गरिएको छ।

१८. कक्षा ८, एसईई परीक्षा र कक्षा १२ को परीक्षा अनुगमन गरिएको छ।

१९. विभिन्न विद्यालयहरुले सम्झौता गरेका योजनाहरुको अन्तिम अनुगमन गरी शैक्षिक सेवा प्रवाह गरिएको छ।

२०. विश्वखाद्य कार्यक्रमको समन्वय तथा प्राविधिक सहयोगमा स्थानिय कृषि उपजमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम संचालन भैरहेको छ।

२१. बाल विकास सहजकर्ताहरुका लागी २ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको छ ।

२२. "शिवनाथ गाउँपालिकाको स्थानीय कृषी उपजमा आधारित विद्यालय दिवाखाजा सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८३" निर्माण तथा कार्यान्वयन गरिएको छ ।

२३. स्थानीय कृषि उपजमा आधारित विद्यालय दिवाखाजा कार्यक्रम कार्यान्वयनका लागी "शिवनाथ गाउँपालिकाको स्थानीय श्रोत व्यक्ती नियुक्ती तथा परिचालनको लागी संक्षिप्त कार्यविधि, २०८३" निर्माण तथा स्वीकृत भई सकेको छ ।

२४. स्थानीय कृषि उपजमा आधारित विद्यालय दिवाखाजा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनका लागी विद्यालयमा दिवा खाजा तायारी गर्ने भान्छेहरुका लागी २ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको छ।

२५. यस शिवनाथ गाउँपालिकामा स्थायी बासिन्दा भई उच्च शिक्षा तर्फ प्राविधिक धारमा अध्ययनरत ८ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको छ।

२६. आधारभुत तथा माध्यमिक तहका अंग्रेजी र गणित विषयका शिक्षकहरुका लागि क्षमता विकास तलिम सञ्चालन गरिएको गरिएको छ।

२७. शिवनाथ गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण गरिएको छ।

२८. कक्षा १-३ को स्थानीय सन्दर्भ सामग्री निर्माण र प्रबोधिकरण गरिएको छ।

## स्वास्थ्य क्षेत्र तर्फ

**प्रगतिहरुः-**

- सबै स्वास्थ्य संस्थाबाट नियमित आधारभूत स्वास्थ्य सेवा सञ्चालन।
- नियमित खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन।
- सुरक्षित मातृत्व तथा संस्थागत सुत्केरी सेवामा वृद्धि।

- पोषण सुधार कार्यक्रम तथा कुपोषण व्यवस्थापन प्रभावकारी रूपमा सञ्चालन।
- समुदायस्तरमा स्वास्थ्य शिक्षा तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन।
- स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन तथा सुपरिवेक्षण सम्पन्न।
- स्वास्थ्यकर्मीहरूको क्षमता विकासका लागि विभिन्न तालिम सञ्चालन।
- औषधि तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्ति सुनिश्चित।

**कार्यक्रमगत प्रगति**

| सि न | कार्यक्रम | प्रगति | कै |
|---|---|---|---|
| १ | पूर्ण खोप पाएका बालबालिका संख्या | २९० | |
| २ | संस्थागत सुत्केरी महिला संख्या | २५२ | |
| ३ | चार पटक गर्भवती जाँच गरेका महिला संख्या | १८५ | |
| ४ | २ वर्ष मुनिका बच्चाहरुको तौल लिएको औषत पटक | २१ | |
| ५ | परिवार नियोजन प्रयोग दर | ३२ | |
| ६ | सुरक्षित गर्भपतन सेवा लिएका महिला संख्या | ७६ जाना | |
| ७ | ३ पटक पि एन सी जाँच गरेका सुत्केरी संख्या | २२३ जाना | |
| ८ | जम्मा ओ पि डी सेवा लिएका बिरामी संख्या | १०८७७ | |
| ९ | गाउँघर क्लिनिक संचालन पटक | ३१२ | |
| १० | खोप क्लिनिक संचालन पटक | २८८ | |
| ११ | गाउँघर क्लिनिकबाट सेवा पाएका | ५१३७ | |
| १२ | खोप क्लिनिकबाट सेवा पाएका | २४०९ | |
| १३ | म स्वा स्व सेविका बाट सेवा पाएका जम्मा संख्या | २५०२११ | |

**वित्तीय प्रगतिः-**

| सि.न. | वजेट शिर्षक | स्वीकृत वजेट | प्राप्त वजेट | खर्च वजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | संघीय शशर्त अनुदान | २,८४,००,००० | २,८४,००,००० | २,२०,२४,११५.६४ | ७७.५४ |
| २ | संघीय विशेष अनुदान | १,०१,००,००० | ९१,२६,८५९ | ९१,२६,८५९ | ९०.३६ |
| ३ | पालिका निसर्त वजेट | ३०,००,००० | ३०,००,००० | २८,१९,४६७ | ९३.९८ |
| | कुल जम्मा | ४,१५,००,००० | ४,०५,२६,८५९ | ३,३९,७०,७०१.६४ | ८१.८५ |

**प्रमख उपलब्धीहरुः-**

- पूर्ण संस्थागत सुत्केरी वडा र पालिका घोषणा कार्यक्रम सम्पन्न ।
- शर्माली स्वास्थ्य चौकी र उदयदेव आधारभुत स्वास्थ्य सेवा केन्द्रमा विजुलि बत्ति जडान ।
- स्मार्ट हेल्थ र ई एच एम आई एस सम्बन्धि सेवा श्रीपुर आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट नियमित सुचारु ।
- नियमित ग्रामिण अल्ट्रासाउण्ड सेवा प्रदान ।
- नागरिक आरोग्य सेवा केन्द्रबाट सेवा प्रदान ।
- गुणस्तर अभिवृद्दि सम्बन्धि वडा तथा पालिका स्तरीय सरोकारवालासितको छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- सि बि आई एम एन सि आई कार्यक्रमको स्वास्थ्य संस्था स्तरीय स्थलगत अनुशिक्षण कार्य सम्पन्न ।
- नि शुल्क एम्बुलेन्स सेवाबाट गर्भवती महिलालाई प्रेषण ।
- महिला स्वास्थ्य सामुदायिक स्वयं सेविकाहरुलाई सम्मान ।
- सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड सम्बन्धि २ पटक कार्यक्रम सम्पन्न।
- ६ जाना नर्सिङ् कर्मचारीलाई एस बि ए तालिम प्रदान
- १ जाना कर्मचारीलाई ग्रामिण अल्ट्रासाउण्ड सम्बन्धि तालिम प्रदान ।
- सम्पुर्ण स्वास्थ्य संस्थामा ईन्टरनेट जडान कार्य सम्पन्न ।
- सम्पुर्ण स्वास्थ्य संस्थामा ई हाजिरी जडान कार्य सम्पन्न ।

- सम्पुर्ण स्वास्थ्य संस्थामा डेक्सटप ल्याप्टप तथा प्रिन्टर वितरण।
- सम्पुर्ण स्वास्थ्य संस्थामा न्युनतम सेवा मापदण्ड सम्बन्धिका सामाग्री खरिद तथा वितरण।
- ४ स्वास्थ्य संस्थामा प्लासेन्टा पिट निर्माण।
- नागार्जुन आधारभुत स्वास्थ्य सेवा केन्द्रमा ३ कोठे भवन निर्माण ।
- शर्माली स्वास्थ्य चौकीमा घेरवार निर्माण
- तेर्छाबटा सामुदायिक स्वास्थ्य्य इकाईमा भवन मर्मत कार्य सम्पन्न ।
- श्रीपुर आधारभुत स्वास्थ्य सेवा केन्द्रमा गेट तथा घेरवार निर्माण कार्य सम्पन्न ।
- उदयदेव स्वास्थ्य चौकीमा घेरवार निर्माण कार्य ।
- उदयदेव आधारभुत स्वास्थ्य सेवा केन्द्रमा १ कोठे भवन निर्माणाधिन अवस्थामा ।
- ४ स्वास्थ्य संस्थाबाट २४ सै घण्टे स्वास्थ्य सेवा प्रदान ।
- खोप तथा औषधि नियमित रुपमा आपुर्ती ।
- पोषण अवस्थाको लेखाजोखा गरी कम तौल तथा मध्यम शिघ्र कूपोषण भएका वालवालिकाहरुलाई सप्लिमेन्ट्री फुड (पोषिलो खाना) वितरण कार्यक्रम सम्पन्न।
- स्वस्थ्य वच्चा प्रतियोगिता सन्चालन तथा उत्कृष्ठ वच्चाका अभिभावकलाई पुरुस्कार तथा सम्मान
- कूपोषण शून्य वडा ,पालिका तयारी तथा घोषणा कार्यक्रम कार्य ।
- स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृदि सम्बन्धि तालिम सम्पन्न ।
- वर्थिङ सेन्टरहरुका लागि अत्यावश्यक स्वास्थ्य सामाग्री तथा औजार उपकरण खरिद कार्य सम्पन्न ।
- गाउँघर क्लिनिक सन्चालन तथा व्यवस्थापनका लागि आवश्यक सामाग्री खरिद तथा वितरण कार्य सम्पन्न।
- वालविवाह न्यूनिकरण सम्बन्धि सचेतना मुलक कार्यक्रम सन्चालन ।
- मेडिक मोबाइल कार्यक्रमलाई निरन्तरता ।
- सुत्केरीलाई कोसेली कार्यक्रम सम्पन्न ।
- मृगौला प्रत्यारोपण तथा क्यान्सर रोगीहरुलाई मासिक ५ हजारका दरले वर्षभरीकै भुक्तानी।
- समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ् कार्यक्रम सम्पन्न।
- जिल्ला अस्पताल बैतडीको प्राबिधिक सहयोगमा शिवनाथ २ शर्मालीमा विशेषज्ञ सहितको एकिकृत नि शुल्क स्वास्थ्य शिविर सम्पन्न। ३३२ जानाले सेवा पाएको र नि शुल्क औषधि वितरण
- क्षयरोग खोजपड्ताल तथा क्याम्प संचालन ।
- किशोरकिशोरी स्वास्य्य सेवा तथा प्रजनन् रुग्णता सम्बन्धि सेवा ।
- मानसिक स्वास्थ्य प्रवर्दन तथा आत्महत्या रोकथाम सम्बन्धि जनचेतना कार्यक्रम सम्पन्न ।
- नियमित रुपममा मातृ तथा नवशिशु कार्यक्रम सम्बन्धिमा कृयाकलाप सम्पन्न ।

## कृषि तर्फ

**आ.ब. २०८२।०८३ को जम्मा बजेट**

| क्र स | स्रोत | विनियोजित बजेट |
|---|---|---|
| १ | शिवनाथ गाउँपालिका कृषि तर्फ | १५,००,०००/- |
| २ | नेपाल सरकार शसर्त अनुदान | १०,०५,०००/- |
| कुल जम्मा | | २५,०५,०००/- |

**शिवनाथ गाउँपालिका कृषि तर्फको बजेट बाट सम्पादित कार्यक्रमहरु ।**

- ८०% अनुदानमा हिँउदे तरकारीको उन्नत बीउ वितरण कार्यक्रम सम्पन्न भएको छ ।
- निशुल्क बाली संरक्षणका आकस्मिक सेवाहरुलाई निरन्तरता दिईएको छ ।
- ८०% अनुदानमा आलुको उन्नत बीउ वितरण गरिएको छ ।
- ९०% अनुदानमा व्यवसायिक किसानहरुलाई प्लाष्टिक छानो वितरण गरिएको छ।
- ९०% अनुदानमा व्यवसायिक किसानहरुलाई थोपा सिंचाई वितरण गरिएको छ।
- ८०% अनुदानमा अदुवा र वेसारको बीउ वितरण गरिएको छ ।
- ८०% अनुदानमा वर्खे तरकारीको उन्नत बीउ वितरण गरिएको छ ।

**नेपाल सरकार शसर्त अनुदान तर्फको बजेट बाट सम्पादित कार्यक्रमहरु ।**

- किसान सूचिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- कृषि पशुपन्छी तथा मतस्य तथ्यांक अध्यावधीक गरिएको छ।
- व्यवसायिक फलफूल खेती कार्यक्रम सम्पन्न गरिएको छ ।

## पशु तर्फ

***आ.ब. २०८२।०८३ को पशु तर्फको जम्मा बजेट***

| क्र.स. | स्रोत | विनियोजित बजेट |
|---|---|---|
| १. | शिवनाथ गाउँपालिकाबाट | कुल बजेट रु. १५,००,०००/- खर्च बजेट रु.१४,६८,९९८/- खर्च प्रतिशत ९७.९३ प्रतिशत |
| २. | नेपाल सरकार सर्सत अनुदान | कुल बजेट रु. १०,००,०००/- खर्च बजेट रु.९,३९,८४९/-खर्च प्रतिशत ९७.९७ प्रतिशत |
| | कुल जम्मा | रु.२४,०८,८४७/- |

१. आन्तरिक तथा बाह्रय परजीबी लगायत अन्य औषधीहरु ६३५ घरधुरीमा १४२०० बाख्रा १८० भैसी २५० गोरुमा उपचार सेवा गरिएको छ ।
२. पशुपन्छीमा लाग्ने महामारी रोग परजीवी नियन्त्रणका लागि १५० घरधुरीमा ३००० बाख्रा ८० वटा भैसी ११० वटा गोरु ९५० वटा कुखुराको उपचार सेवा गरिएको छ ।
३. महामारी आकस्मीक रोग नियन्त्रण गर्न ८० वटा घरधुरीमा ४५० बाख्रा ४० वटा गोरुहरुमा उपचार सेवा दिईएको छ ।
४. शिवनाथ गाउँपालिका अर्न्तगत यस कार्यालयमा र फिल्डमा गएर बोकाहरुको बन्ध्याकरण सेवा प्रवाह भइरहेको छ ।
५. वडा नं. २ मा गाई भैसी प्रर्वद्वन कार्यक्रम २ वटा व्यवसायिक फर्महरुलाई गोठ निर्माण कार्य ५० प्रतिशत अनुदानमा सम्झौता गरी उक्त काम सम्पन्न गरिएको छ ।
६. वडा नं. १,२,३,४ मा बाख्रा प्रर्वद्वन कार्यक्रम ६ वटा व्यवसायिक फर्महरुलाइ उन्नत क्रस बाख्रा र उन्नत क्रस जातका बोका खरिद कार्यक्रम ५० प्रतिशत अनुदानमा सम्झौता गरी उक्त काम सम्पन्न गरिएको छ ।
७ . वडा नं. १ मा ५० प्रतिशत १ वटा व्यवसायिक फर्मले बाख्रापालन खोर सुधार कार्यक्रम सम्झौता गरी उक्त काम सम्पन्न गरिएको छ ।
८. वडा नं.१ मा ५० प्रतिशत अनुदानमा १ वटा व्यवसायिक फर्मले लेर्यस कुखुरापालन कार्यक्रम अर्न्तगत दाना व्यवस्थापन खरिद कार्यक्रम सम्झौता गरी उक्त कार्य सम्पन्न गरिएको छ ।
९. वडा नं. १ मा ५० प्रतिशत १ वटा व्यवसायिक फर्मले बाख्रापालन कार्यक्रम अर्न्तगत स्थानीय जातका बाख्रा र उन्नत क्रस जातका बोका खरिद कार्यक्रम ५० प्रतिशत अनुदानमा सम्झौता गरी उक्त काम सम्पन्न गरिएको छ ।
१०. वडा नं. ३ मा ५० प्रतिशत अनुदानमा १ वटा व्यवसायिक फर्मले कुखुरापालन खोर निर्माण सुधार कार्यक्रम सम्झौता गरी उक्त कार्य सम्पन्न गरिएको छ ।

## पर्यटन क्षेत्र तर्फ

१. पुरातात्विक सम्पदा संरक्षण अन्तर्गत शिवनाथ गाउँपालका वडा नं .२शर्माली , खलंगामा रहेको प्राचिन अमरगढी किल्ला जिर्णोउद्धार गरी सञ्चालनमा ल्याउनका निमित्त आफनै स्रोत साधनबाट घेबार निर्माण ,गेट निर्माण लगायत संरचना निर्माण गरी थप आवश्यक संरक्षणका लागि विभिन्न निकायहरुसँग पहल भईरहेको छ ।
२. धार्मिक पर्यटन तर्फ गाउँपालिकाभित्र रहेका मुख्य-मुख्य मन्दिरहरु शिवनाथ मन्दिर ,उदयदेव मन्दिर, खोलाकेदार मन्दिर लगायतका मन्दिरहरुमा मन्दिर निर्माण ,पुनर्निर्माण ,घेरबार जस्ता संरचनाहरु निर्माण गरी शिवनाथ मन्दिर र खोला केदार मन्दिरमा विवाह भण्डप निर्माण कार्य सम्पन्न भएको छ ।

## बालबालिका तथा जेष्ट नागरिक तर्फः-

१. आर्थिक वर्ष २०८२/०८३ मा जिल्ला अस्पताल, बैतडी तथा अन्य सरकारी अस्पतालहरुबाट यस गाउँपालिकालका अपाङ्गता पहिचान गरीएका जम्मा संख्या ३ जना "ख" वर्गका व्यक्तिहरुलाई अपाङ्ग परिचय पत्र वितरण गरिएको छ ।साथै ५ जनालाई थप उपचारका लागि सुझाव प्रदान तथा भक्तपुर अस्पतालमा रिफर गरिएको छ ।

२. महिलाहरुको क्षमता विकासका लागि १६ दिने महिला हिंसा विरुद्धको अभियान वडा स्तरदेखि पालिका स्तरसम्म विभिन्न कार्यक्रमहरु आयोजना गरी सम्पन्न गरिएको छ ।

३. चालु आ.व.मा संचालित क्रियाकलापहरुको लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परिक्षण (**GESI Audit)** गरिएको छ ।

४. चालु आ.व.को बजेटको लैङ्गिक उत्तरदायी बजेट संकेतीकरण **(GRB Coding)** गरिएको छ ।

## बहुक्षेत्रीय पोषण तर्फ

**संघीय शसर्त रकम रु/०००,१०,१५.-**

**खर्च भएको रकम रु/०००,१०,१५.-**

**खर्च प्रतिशत%१००-**

- सुनौलो हजार दिनका विपन्न महिलाहरुको आयआर्जनका लागि अनुदान दिइयो जसबाट २८ जना लाभग्राहिले लाभ लिएका छन ।
- बालपोषण भत्ता प्रभावकारी बनाउन सुनौला हजार दिनका आमाहरुलाई तालिम सञ्चालन गरियो जसमा१८० जना सुनौलो हजार दिनका आमाहरुको सहभागिता गराई कार्य सम्पन्न गरिएको छ ।
- महिला सहकारी वा समुहमा आयआर्जन तथा पोषण सम्बन्धी तालिम सञ्चालन गरियो । जसमा २८ जना सुनौलो हजार दिनका आमाहरुको सहभागिता गराई कार्य सम्पन्न भएको छ।
- करेशाबारी व्यवस्थापनपशुजन्य उत्पादनमा जोड तथा पोषण सम्बन्धी तालिम १८० ,पुर्ण सरसफाई, जना सुनौलो हजार दिनका आमाहरुको सहभागिता गराई कार्य सम्पन्न भएको छ।
- सुनौला हजार दिनका आमाहरुलाई पुर्ण सरसफाईपोषण तथा महिनावारी स्वच्छता सम्वन्धी तालिम , सञ्चालन १५० जना सुनौलो हजार दिनका आमाहरुको सहभागिता रहेको थियो।
- किशोरीहरुलाई पुर्ण सरसफाई,पोषण तथा महिनावारी स्वच्छता सम्वन्धी तालिम सञ्चालन १०० जना किशोरीहरुको सहभागिता गराई कार्य सम्पन्न भएको छ।

## सुशासन तथा संस्थागत विकास ९ कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना , सार्वजानिक निजी साझेदारी एवं समन्वय भएका उपलब्धी

१. गाउँपालिकाले १६ वटा ऐन ,६ वटा नियमावली, ४५ कार्यविधि तथा मापदण्ड र ६ निर्देशिका र विधेयक ५ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ ।

२. गाउँपालिकापालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना , जनशक्ति र कार्यविवरण तयार गर्ने कार्य संञ्चालनमा रहेको छ ।

३. यस गाउँपालिकाले गत आ.व .२०८१/०८२ को स्थानीय शासन कार्यसम्पादन स्वमूल्याङ्कन प्रणाली **(LGPAS)** मा ७९.३ अंक प्राप्त गरेकोछ ।

४. आर्थिक कारोबारलाई पारदर्शि र मितव्यई बनाउन पूर्ण रुपमा विद्युतिय भुक्तानी **(EFT)** प्रणाली लागु गरिईएको छ ।

५. गाउँपालिका पारदर्शी र प्रविधिमैत्रि बनाउन ,छरितो ,वडा कार्यालयहरुमा छिटो ,**IPS (Internet Service Provider)** जडान गरी इन्टरनेट सेवा सञ्चालनमा ल्याईएकोछ ।

६. राजश्वा व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउन **Online** भुक्तानी पोर्टल सेवा पालिका र सबै वडामा सञ्चालन गरिईएकोछ ।

७. गाउँपालिकालाई प्रविधिमैत्री बनाउन ईपालिका सम्बन्धित सफ्टवेयर र योजना व्यवस्थापन -प्रणाली सम्पन्न गरिएको छ ।

## पञ्चिकरण तथा समाजिक सुरक्षा शाखा तर्फ

**आ.व २०८२।०८३ सामाजिक सुरक्षा र बालपोषण भत्तामा खर्च विवरण**

| क स | त्रैमासिक किस्ता | लाभग्राही संख्या | रकम |
|---|---|---|---|
| १ | पहिलो त्रैमासिक | ३५४५ | १,९३,५४४०९ |
| २ | दोस्रो त्रैमासिक | ३५३१ | १,९३६१७०९ |
| ३ | तेस्रो त्रैमासिक | ३४७१ | १,९१७०६८२ |
| ४ | चौथो त्रैमासिक | ३३३८ | १,८९१७७७४ |
| | | **जम्मा** | **७,६८,०४,५७४** |

**आ.व २०८२।०८३ मा गरिएका सबै प्रकारका घटना दर्ता विवरण**

| क.स. | जन्म दर्ता | मृत्यु | सम्बन्ध बिच्छेद | विवाह दर्ता | बसाई सरी आएको | | बसाई सरी गएका | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५३८ | १५७ | २ | २५५ | ८ दर्ता संख्या | २३ सदस्य संख्या | ५९ दर्ता संख्या | २२८ सदस्य संख्या |

***प्रगति विवरण -:***

- नियमित रुपमा सेवा इकाई बाट बैङ्क खाता खोल्ने,परिवारिक विवरण,संरक्षक जस्ता अन्य सबै प्रकारका सिफारिसहरु गारिएको छन ।
- नयाँ लाभ ग्राहिको खाता नम्बर व्याक्तिगत विवरणमा अपडेट गरेकोछ ।
- घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धि वडा गाउ टोलमा गएर सप्ताह जस्ता सन्देश मुलक सुचना दिइएको **छ ।**
- आवश्यक परी आएका सबै वडाको काम पालिकाबाट गरिएको छ।
- सामाजिक सुरक्षा र बालपोषण भत्ता पाउने व्याक्तिको विवरण सुदृढिकरण गरिएकोछ।
- सामाजिक सुरक्षा भत्ता समयमै लाभग्राहीको खातामा भुक्तानि गरिएको छ ।
- अनलाईन प्रणाली मार्फत साबै काम भइरहेको छ ।
- सामाजिक सुरक्षा भत्ता र बालपोषण भत्ता पाउने लाभग्राहिको विवरण अध्यावधिक गरिएको
- कार्यालयाका अन्य कामकाजहरु पनि समयमा गरिएको छ ।

## रोजगार सेवा केन्द्र तर्फ

| क्रसं. | विवरण | विनियोजित बजेट रु. | खर्च भएको रकम रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | संघिय सरकारबाट प्राप्त | ४८,७५,०००-/ | ४६,४६,८१९/- | ९५३२.% |
| २ | गाउँपालिकाबाट साझेदारी | ३३,००,०००-/ | ३२,४१,९००/- | ९८२४.% |
| **जम्मा** | | **८१,७५,०००-/** | **७८,८८,७१९-/** | **९६५०.%** |

१. यस गाउँपालिकामा राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम अन्तर्गत ६ वटै वडाहरुमा १/१ आयोजनाका दरले ६ आयोजनाहरुको कार्य सम्पन्न गरिएको छ ।जसमा ६० जना बेरोजगार व्यक्तिहरुलाई १०० दिनको रोजगारीमा संलग्न गराइएको छ ।

२. बेरोजगार व्यक्तिहरुको तथ्याङ्क अध्यावधिक गर्ने कार्य सम्पन्न गरी चालु आ.व. मा १२ जना व्यक्तिहरुलाई बैदेशिक रोजगारीमा पुनःश्रम स्वीकृतिमा सहजिकरण गरिएको छ ।

**एम्बुलेन्सको भाडा विवरणः-**

१. शिवनाथ गाउँपालकाले सञ्चालन गरेको एम्बुलेन्स सेवा अन्तर्गत यस आ.व.मा विभिन्न मितिमा सेवालिने सेवाग्राहीबाट नगद रु ३,२०,१००/- , निःशुल्क रु ५५,०००/- र जम्मा गर्न

बाकी रुकम रु २३,००/-गरी जम्मा रु ३,२२,४००/- रकम बराबरको सेवा प्रदान गरेको छ ।

२. सेवा लिने सेवाग्राहि संख्या ९४ जना रहेका छन ।

**टेक्टरको भाडा विवरणः**

१. शिवनाथ गाउँपालिकाले टेक्टर सेवा सञ्चालन गरे वाफत यस आ.व.मा नगद रु ४०,३,९००/- र बुझाउन बाँकी १,६१,९००/- गरी जम्मा रु ५,९५,८००/- राजश्व संकलन भएको छ ।

**जे.सि.बि.को भाडा विवरणः**

१. शिवनाथ गाउँपालिकाले जे.सि.बि. सेवा सञ्चालन गरे वाफत यस आ.व.मा नगद रु ४०,३,२५१/- राजश्व संकलन भएको छ ।

**आँखा उपचार केन्द्र**

| क स | स्रोत | विनियोजित बजेट रु | खर्च रकम रु | प्रगती प्रतिशत |
|---|---|---|---|---|
| १ | शिवनाथ गाउँपालिका आखाँ उपचार केन्द्र सँचालन तथा व्यवस्थापन खर्च तर्फ | ८,००,०००/- | ३६४८३२/- | ४५.६० |

**सम्पादित क्रियाकलापहरुः-**

- वडा स्तरिय सिबिर सन्चालन अन्तर्गत ५६३ जना आँखाका बिरामिले सेवा लिएको ।
- सल्यकृया सिबिर संचालन, अन्तर्गत २५० जनाले चेकजाच सेवा लिई ५४ जनाले आँखाको सल्यकृया गरि चस्मा वितरण गरियो ।
- औसधि खरीद ।
- चस्मा फ्रेम र पावर लेन्स खरिद।
- शिवनाथ गाउँपालिका आखाँ उपचार केन्द्र बाट २४५ जना बिरामिले आखाँ चेकजाच सेवा लिएको ।
- राजश्व संकलन रु १, ६२, १३८ /-

**शिवनाथ गाउँपालिका अर्न्तगत जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाको आ.ब. २०८२।०८३ को बार्षिक प्रतिवेदन तपशिल अनुसार रहेको व्यहोरा जानकारी गराइन्छ ।**

**तपशिलः-**

| आ. ब. २०८२/०८३ | बजेट शिर्षक | नेपाल सरकार | फिनल्याण्ड/इयु | गाउंपालिका | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| बजेट | पूंजीगत | ३५७०००० | २०२६५००० | ६५६९००० | ३०४०४००० | |
| | चालू | ० | ५१६५००० | ६९५००० | ५८६०००० | |
| | जम्मा: | **३५७००००** | **२५४३००००** | **७२६४०००** | **३६२६४०००** | |
| निकासा | पूंजीगत | ३५७०००० | १५४८४००० | ६५६९००० | २५६२३००० | |
| | चालू | ० | ४१६५००० | ६२५५०० | ४७९०५०० | |
| | जम्मा: | **३५७००००** | **१९६४९०००** | **७१९४५००** | **३०४१३५००** | |
| खर्च | पूंजीगत | ३५७०००० | ७२९०१७७ | २५४५०६१ | १३४०५२३८ | |
| | चालू | ० | २७०२७१३१ | २४७१०५ | २९४९८१८१ | |
| | जम्मा खर्च: | **३५७००००** | **९९९२८९०१** | **२७९२१६६** | **१६३५५०५६** | |
| **निकाशाका आधारमा खर्च प्रतिशत:** | | **१००** | **५१** | **३९** | **५४** | |

## पुँजीगत तर्फ

१. नागार्जुन खानेपानी तथा सरसफाइ योजना शिवनाथ ०३ बछला

- सम्पुर्ण काम सम्पन्न भइ नियमित रुपमा ११९ धारामा पानी सञ्चालन भइरहेको छ ।

२. घट्टिगाड मटेली सिंचाइ योजना शिवनाथ ०१ मटेली

- सम्पुर्ण काम सम्पन्न भइ नियमित रुपमा सिचाइ सुविधा सञ्चालन भइरहेको छ ।

३. नागार्जुन विद्यालय बर्षातको पानी संकलन तथा पर्यावरण संरक्षण योजना शिवनाथ ०२ सर्माली बैतडी

- सम्पुर्ण काम सम्पन्न भइ नियमित रुपमा आकाशे पानी संकलन गरी सुविधा सञ्चालन भइरहेको छ ।

४. मल्लिमड बेमौषमी तरकारी खेती योजना शिवनाथ ०६ मल्लिमड बैतडी

- ८ वटा पोलिहाउस निर्माण कार्य सम्पन्न गरी ३१ घरधुरीलाई बेमौषमी तरकारी बिउ बिजन बितरण गरी बेर्ना तयारी कार्य सम्पन्न ।
- अनुगमन समिति बाट अन्तिम अनुगमन गरी सम्पुर्ण कार्य सम्पन्न गरी अन्तिम किस्ता रकम भुक्तानी कार्य सम्पन्न ।

५. पौखर जोलापानी बेमौषमी तरकारी खेती योजना शिवनाथ ०२, बैतडी

- १० वटा पोलिहाउस निर्माण कार्य सम्पन्न गरी २९ घरधुरीलाई बेमौषमी तरकारी बिउ बिजन बितरण गरी बेर्ना तयारी कार्य सम्पन्न ।
- अनुगमन समिति बाट अन्तिम अनुगमन गरी सम्पुर्ण कार्य सम्पन्न गरी अन्तिम किस्ता रकम भुक्तानी कार्य सम्पन्न ।

६. बग्जेबला बेमौषमी तरकारी खेती योजना शिवनाथ ०५, बैतडी

- ५ वटा पोलिहाउस निर्माण कार्य सम्पन्न गरी २५ घरधुरीलाई बेमौषमी तरकारी बिउ बिजन बितरण गरी बेर्ना तयारी कार्य सम्पन्न ।

- अनुगमन समिति बाट अन्तिम अनुगमन गरी सम्पुर्ण कार्य सम्पन्न गरी अन्तिम किस्ता रकम भुक्तानी कार्य सम्पन्न ।

७. लिखाडी स्रोत संरक्षण योजना शिवनाथ ०४, बैतडी

- सम्पुर्ण काम सम्पन्न भइ नियमित रुपमा खानेपानी सुविधा सञ्चालन भइरहेको छ ।

८. ओल्या ओखडानी सामुदायीक बन रिचार्ज पोखरी तथा बृक्षारोपण योजना शिवनाथ ०५ र ०६, बैतडी

- सम्पुर्ण काम सम्पन्न भइ गाउपालिका अनुगमन समितिबाट अन्तिम अनुगमन गरी सम्पुर्ण कार्य सम्पन्न गरी अन्तिम किस्ता रकम भुक्तानी कार्य सम्पन्न ।

९. आमसैनी सिंचाइ योजना शिवनाथ ०२, रत्थडी मटयाल सिंचाइ योजना शिवनाथ ०४, बगजेबेला सिंचाइ योजना (पोखरी) शिवनाथ ०५, फटकेढुङ्गा खानेपानी योजना शिवनाथ ०२, नागार्जुन माध्यमिक विद्यालय सरसफाइ योजना शिवनाथ ०२, जुगेपानी बग्जेबला स्रोत संरक्षण योजना, शिवनाथ ०५ र ०६, ल्वाभिडा स्रोत संरक्षण योजना शिवनाथ ०२ र अमरगढी सामुदायीक बन रिचार्ज पोखरी तथा बृक्षारोपण योजना शिवनाथ ०२, बैतडीका योजनाहरुमा

- प्रथम किस्ता पेश्की रकम भुक्तानी भएको छ । स्थानीय निर्माण सामाग्री संकलन र योजनामा साइड सफा गर्ने र खन्ने कार्य भइरहेको छ साथै सप्लायर्सले सामान ढुवानी र गुणस्तर जाँच गरी संरचनाहरु निर्माण कार्य भइरहेको छ ।

## <u>चालु तर्फ</u>

१. ९ वटै योजनाहरुमा योजना स्तरमा चरणबद्ध प्रकृयाका ३३ वटा तालिममा ४२ महिला र ४९ पुरुषलाई १ दिने योजना स्तरका तालिम सञ्चालन गरी सम्पन्न गरियो ।

२. ४ वटै योजनाका अध्यक्ष, सचिव, कोषाध्यक्ष र खरिद समिति सदस्यलाइ क्लष्टर स्तरिय उपभोक्ता समिति व्यवस्थापन तथा बाह्यय सामागी खरिद सम्बन्धि ३ दिने तालिम सञ्चालन गरी सम्पन्न गरियो ।

३. गाउँपालिका स्तरिय सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुलाई सामुदायिक बन ब्यवस्थापन सम्बन्धि अभिमुखीकरण कार्यक्रम सन्चालन गरी सम्पन्न गरियो ।

४. विश्व चर्पी दिवश २०८३, विश्व वातावरण दिवश २०८३ र विश्व महिनावारी स्वच्छता २०८३ एक दिवसीय कार्यक्रम सञ्चालन गरी जम्मा ३९७ जना सहभागी गराइ उक्त कार्यक्रम सन्चालन गरी सम्पन्न गरियो ।

५. गाउँपालिका स्तरिय अनुगमन समितिबाट ९ वटै योजनाहरुको पहिलो र ३ वटा क्रमागत ५ वटा चालु आ.व.का योजनाहरुको अन्तिम अनुगमन गरी सम्पन्न गरिए ।

६. किसानहरूलाई बेमौसमी तरकारी उत्पादन तालिम २२ जना किसानहरुलाई २ दिने तालिम सम्पन्न ।

७. वास प्लान अभिमुखीकरण १ दिने, N-WASH तथ्याङ्क प्रमाणिकरण तथा योजना तर्जुमा गोष्ठी २ दिने सञ्चालन गरी सम्पन्न ।

८. माध्यमिक विद्यालयहरुका लागी २ दिने विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि तालिम ८ विद्यालयबाट ३२ जनासहभागी गराइ सम्पन्न गरियो ।

९. CFUG कार्य योजना निर्माण र नबिकरण सम्बन्धि १ दिने अभिमुखीकरण र सहकारी संस्थाहरुसँगको समन्वय तथा सञ्जाल गठन सम्बन्धि १ दिने अभिमुखीकरण सञ्चालन गरी सम्पन्न गरियो ।

१०. IEC/BCC सामग्री (पूर्ण सरसफाइ) उत्पादन र प्रकाशन र प्रकोप प्रभावित समुदायका लागी थोपा फिल्टर खरिद गर्ने कार्य सम्पन्न गरियो ।

११. गाउँपालिका स्तरिय परियोजना व्यवस्थापन व्यवस्थापन समितिका ८ वटा बैठक सन्चालन गरी सम्पन्न गरिए ।

## विविध तर्फ

१. कमजोर आर्थिक अवस्था भएका दिर्घ रोगी र विपदको जोखिममा रहेका परिवरलाई कार्यविधि अनुसार निबेदनका आधारमा राहत तथा आर्थिक सहयोग उपलव्ध गराइएको छ ।

२. प्राविधिक शिक्षा हासिल गर्ने विपन्न परिवारका व्यक्तिहरुलाई प्राविधिक छात्रवृत्ति उपलव्ध गराईएकोछ ।

३. आर्थिक वर्ष २०८२/०८३ मा न्यायीक समिति मार्फत गाउँपालिका भित्र जम्मा मुद्दा संख्या ५ वटा जस अन्तर्गत मिलापत्र मुद्दाहरुको संख्या ३ र मेलमिलाप हुन बाकीं रहेको संख्या २ रहेको छ।

४. सार्वजनिक खरिदलाई व्यवस्थित गर्न नेपाल सरकारले तयार पारेको सार्वनजिक खरिद व्यवस्थापन प्रणाली **PAMS-V²** को पूर्ण रुपमा कार्यान्वयन गरिएकोछ ।

५. आगामि ४ वर्षको लागि गाउँपालिकाको आवधिक योजना निर्माण कार्य सम्पन्न भईसकेको छ सो आवधिक योजनाले गाउँपालिकाभित्र सञ्चालनहुने योजना छनौंटमा सहजता ल्याउने विश्वास लिएईकोछ ।

६. गाउँपालिकाबाट विपन्न घरपरिवार संख्या १५९ लाई राहात उपलब्ध र विपदजन्य घरपरिवार संख्या ६७ लाई क्षतिपूर्ति स्वरुप राहात वितरण गराएकोछ ।

७. मनसुनजन्य विपद प्रभावित निजि आवास निर्माणका लागि ८ घरपारिवारलाई पालिकाबाट प्रदान गरिने १० प्रतिशत रकम जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा गरिएको छ ।

८. विपद पूर्व तयारीको लागि आवश्यक सामाग्रीको खरिद गरी तयारी अवस्थामा राखिईएकोछ ।

९. आपतकालिन केन्द्र संचालनमा आवश्क पहल गरिईएकोछ ।